धरान नगरपालिका सुनसरी  जिल्लाको १५ इलाका मध्य इलाका न १ मा पर्दछ । कुल २२.४ व.कि.मी. क्षेत्रफलमा फैलिएको यो नगरपालिकाको क्षेत्रफल जिल्ला (१२५७ वर्ग कि.मी.) को १.७८ र नेपालको कुल भुभाग १४७१८१ व.कि.मी को ०.०७% हुन आउछ । धरान न.पा.को पुर्वमा पञ्चकन्या गाविस र सेउती खोला पश्चिममा सर्दुखोला,विष्णुपादुका गाविस उत्तरमा भोडेटार र पञ्चकन्या गाविस र दक्षिण तर्फ चारकोसे झाडि पर्दछ ।

नगरमा २२७१ घरधुरीमा ९७४२६ जनसंख्या (पुरुष ४७७९२, महिला ४९६३३) छ । लैङ्गिक अनुपात ०.९६, वार्षिक जनसंख्या वृद्धिदर ३.६१%, जनघनत्व (प्रति व.कि.मी.) ९४५, र औषत परिवार ४.२८ रहेको छ । बालबालिका (०–१४ वर्ष) २९.६४ %, आर्थिक रुपले सक्रिय (१५–५९ वर्ष) ६४.११ %, ज्येष्ठ नागरिक (६० वर्ष वा बढी) ६.२५ % छ । जिल्लाको कोरा जन्म दर २७ प्रति हजार तथा कोरा मृत्युदर ५ प्रती हजार रहेको छ । नगरको आगामी २०८८ सम्मको जनसंख्या प्रक्षेपण निम्नानुसार छ।

| वर्ष | जनसंख्या | अनुमानित | | जनघनत्व (प्रति व.कि.मी.) |
|---|---|---|---|---|
| | | वार्षिक वृद्धि दर | जनसंख्या | |
| वि.सं. २०६२ | ९७४२६ | | | |
| वि.स. २०६८ | | २ | १०९७१८ | ११७५ |
| वि.सं. २०७८ | | २ | १३३७४५ | १५८६ |
| वि.सं. २०८८ | | २ | १६३०३४ | २०३६ |

कुल क्षेत्रफल २११२ हेक्टर मानी गरिएको क्षेत्रफलको % शहरी क्षेत्र (Bulit up Area) ओगटेको देखिन्छ जस अनुसार आवासिय क्षेत्र ३५.०३%, व्यापारिक क्षेत्र १.५१%, व्यापारिक तथा आवासिय क्षेत्र १.०८ %, औद्योगिक क्षेत्र ०.६६% र संस्थागत क्षेत्र ९.०९% हुन आउछ । ध.न.पा. को भु-उपयोगमा मूख्यत शहरी, छरियर रहेको वस्ती र वन क्षेत्र नै समावेश भएको छ । त्यसैगरी कृषि क्षेत्र ३६.४६%, वन क्षेत्र ७.३३%,र खोला/खहरे ७.१०% भएको पाईन्छ । ध.न.पा.भित्र नर्सरी पार्क र सुकुम्वासी क्षेत्र क्रमस १.६५ र ०.९४% रहेको छ।

## ४. आय विवरण

धरान नगरपालिकाको आ.व. ०६०/६१ देखि ०६६/६७ सम्मको आय, व्ययको तथा त्यस्का वृद्धिदर निम्नानुसार छ ।

| क स. | आय शीर्षक | २०६०/०६१ | २०६१/०६२ | २०६२/०६३ | २०६३/०६४ | २०६४/०६५ | २०६५/०६६ | २०६६/०६७ | औषत बृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय विकास शूल्क | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | २१,९४८,००० | ३२,७८२,००० | ३२,७८२,००० | 7% |
| २ | आन्तरिक आयको जम्मा | १४,४६०,०११ | १५,८३७,६३८ | १७,२२३,५०५ | १९,८९०,४३५ | २०,५५६,१५९ | ४६,२६४,६१६ | ७८,८०७,००० | 64% |
| ३ | बाह्रय आय जम्मा | १४,२८०,८६० | २८,३८०,४६८ | ३७,०६५,८४७ | २६,००१,५५७ | २७,५७७,२२२ | ४७,१५३,५४७ | ७३,३६१,००० | 59% |
| ४ | कुल आय आन्तरिक | ५०,६८८,८७१ | ६६,१६६,१०६ | ७६,२३७,३५२ | ६७,८३९,९९२ | ७०,०८१,३८१ | १२६,२००,१६३ | १८४,९५०,००० | 38% |
| | आय प्रवृत्ति | 0 | 31% | 15% | -11% | 3% | 80% | 47% | |

| आय प्रक्षेपण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क स. | आय शीर्षक | २०६७/०६८ | २०६८/०६९ | २०६९/०७० | २०७०/०७१ | २०७१/०७२ | जम्मा |
| १ | स्थानीय विकास शूल्क | ३२,७८२,००० | ३२,७८२,००० | ३२,७८२,००० | ३२,७८२,००० | ३२,७८२,००० | १६३,९१०,००० |
| २ | आन्तरिक आयको जम्मा | ८६,६८७,७०० | ९५,३५६,४७० | १०४,८९२,११७ | ११५,३८१,३२९ | १२६,९१९,४६२ | ५२९,२३७,०७७ |
| | जम्मा | ११९,४६९,७०० | १२८,१३८,४७० | १३७,६७४,११७ | १४८,१६३,३२९ | १५९,७०१,४६२ | ६९३,१४७,०७७ |
| ३ | बाह्रय आय जम्मा | ८०,६९७,१०० | ८८,७६६,८१० | ९७,६४३,४९१ | १०७,४०७,८४० | ११८,१४८,६२४ | ४९२,६६३,८६५ |
| ४ | कुल आय आन्तरिक तथा बाह्रय | २००,१६६,८०० | २१६,९०५,२८० | २३५,३१७,६०८ | २५५,५७१,१६९ | २७७,८५०,०८६ | १,१८५,८१०,९४२ |

